# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
**BHARATPUR METROPOLITAN CITY**
**Office**
Bhratpur, Chitwan, Nepal

प.सं. ०८१/०८२
च.नं. ४५६६

मिति २०८१/१२/१०

श्री जिल्ला प्रशासन कार्यालय,
भरतपुर,चितवन

विषयः सहजिकरण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस महानगरपालिका क्षेत्र भित्र आयोजना हुने विभिन्न प्रकारका मेला महोत्सव, फुड फेस्टिवल, कन्सर्ट, राजनैतिक दलहरुका सभा सम्मेलन, विभिन्न प्रकारका धार्मिक आयोजनाका कार्यक्रम हरु आयोजना गर्दा व्यापक मात्रामा फोहर उत्सर्जन हुने र यत्र तत्र सार्वजनिक स्थानमा फोहर देखिने र महानगरपालिकाको सौन्दर्यकरणमा समेत असर पुग्न जाने देखिएको भनि श्री एन.के. इन्टरनेशनल कन्स्ट्रक्सन प्रा.लि., भरतपुर ४, ले यस कार्यालयमा श्री जिल्ला प्रशासन कार्यालय, चितवन समक्ष सिफारिस माग गरेकोमा फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ३ र ४ अनुसार फोहरमैला व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको हुने र सो वापत लाग्ने सेवा सुल्क स्थानीय तहलाई वुझाउनु पर्ने देखिन्छ । यस भरतपुर महानगरपालिका क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन तथा सेवा शुल्क संकलन सम्बन्धी कार्य गर्ने अधिकार **श्री एन.के. इन्टरनेशनल कन्स्ट्रक्सन प्रा.लि., भरतपुर ४, ले प्राप्त गरी मिति २०८१ साल मंसिर १ गतेबाट नियमानुसार कार्य प्रारम्भ गरेको अवस्था छ । यस कार्यालय र उक्त प्रा.लि. विच भएको सम्झौताको आवृति तालिका र लाग्ने सेवाशुल्क को दर रेटमा यसरी आयोजना गर्ने कार्यक्रम हरुको फोहर व्यवस्थापनको शुल्क आयोजकले तिर्नु पर्ने हुन्छ ।** अतःयस महानगरपालिका क्षेत्र भित्र आयोजना हुने विभिन्न प्रकारका मेला महोत्सव, फुड फेस्टिवल, कन्सर्ट, राजनैतिक दलहरुका सभा सम्मेलन, विभिन्न प्रकारका धार्मिक आयोजनाका कार्यक्रम हरु संचालन अनुमति दिदा अनिवार्य रुपमा फोहरमैला व्यवस्थापन जस्तो संवेदनशिल विषय लाई व्यवस्थापन गर्न निजी सेवा प्रदायक संस्था श्री एन.के. इन्टरनेशनल कन्स्ट्रक्सन प्रा.लि., भरतपुर ४, सग समन्वयको लागि सहजिकरण गराई सहयोग गरि दिनु हुन सादर अनुरोध गर्दछु ।

वोधार्थ

श्री जिल्ला प्रहरी कार्यालय,चितवन ( जानकारीको लागि )।
श्री राजश्व महाशाखा, भरतपुर महानगरपालिका (यस पत्रमा उल्लेखित व्यहोरा कार्यान्वयनको लागि)।
श्री वडा कार्यालयहरु सवै ( वडा नं १ देखि २९ सम्म)(यस पत्रमा उल्लेखित व्यहोरा कार्यान्वयनको लागि)।
श्री सूचना प्रविधि शाखा भ.म.न.पा. ( यस पत्र लाई महानगरपालिकाको वेभ साईटमा अपलोड गरिदिनु हुन )।

.............................
लक्ष्मी प्रसाद पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner